**प्रथम कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु**

आजमिति २०७५ साल भाद्र २ गते यस पचाभ्ररना गाउँ कार्यपालि राम्नाकोट जारकोटका अध्यक्ष श्री खड्गराज सेजुवाल ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले निम्न प्रस्तावहरु छलफल गरि कार्यन्वयन गर्ने निर्णय गरीयो ।

**प्रस्ताव तथा निर्णयहरुः**

***पस्ताप नं. १. सूचना प्रविधि अधिकृतको परीक्षा समिति गठनबारे ।***

- यस पचालभ्ररना गाउँ कार्यपालिका राम्नाकोट ले मिति २०७५ साउन १५ गते च.नं.४६ विज्ञापन नं.१ अनुशार सूचना प्रविधि अधिकृतको १५ दिने विज्ञापन प्रकाशित भएको मा उक्त अवधीमा  उक्त पदको परीक्षा संचालन गरी छनोट गर्ने प्रकृयाको लागि निम्न बमोजिमको परीक्षा समिती गठन गर्ने निर्णय गरीयो ।

**परीक्षा समिति**

१. प्रमुख प्रशासकीय अधिकृत छक्क बहादुर शाही          संयोजक

२. सुचना प्रविधि अधिकृत जिरबहादुर बुढा रास्कोट न.पा. सदस्य

३. सुचना प्रविधि अधिकृत दमनराज शाही खाँडाचक्र न.पा. सदस्य

***प्रस्ताव नं.२. समाजिक परिचालक सम्बन्धमा ।***

- यस पचालभ्ररना गाउँपालिकामा विगत देखि कार्यरत LGCDP का समाजिक परिचालकहरु को म्याद सम्बन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम शाखाको च.नं.४९६ मिति २०७५/ ३/ ३२ गतेको परिपत्र बमोजिम सामाजिक परिचालक सम्बन्धी केन्द्रीय दायित्व नरहने भएको हुदाँ सोही पत्र बमोजिम स्थानीय तहको आफ्नो बजेटको व्यावस्थापन हुनेगरी आवश्यकता अनुशार सामाजिक परिचालक को सेवा करार लाई निरन्तरता दिन सक्ने अनुसार यसै गाउँपालिका मा कार्यरत ३ जना समाजिक

परिचालकलाई साविकै सेवा सुविधामा रहने गरी २०७५ श्रावण देखि असोज सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३. गरीब घरधुरीको परिचय पत्र वितरण सम्बन्धमा ।**

- यस पचालझरना गाउँपालिकाका वडा नं.१ देखि ९ सम्मका गरीब घरधुरीलाई परिचय पत्र विरतरण गर्नका लागि २०७५ भाद्र १० गते देखि वडा नं.१ बाट वडा नं.९ कार्य सम्पन्न गर्ने निर्णय गरीयो ।

***प्रस्ताव नं.४. वडा कार्यालयको कार्यालय सहयोगी भर्ना बारे ।***

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८ अनुसार ८ वडामा ८ जना कार्यालय सहयोगी को आजकै मिति देखि लागु हुने गरी विज्ञापन प्रकाशित गर्ने र मिति २०७४ चैत्र १३ गतेको प्रेस विज्ञाप्ती बमोजिम इन्जिनियरिङ्ग र कम्प्युटर अपरेटर भर्ना सम्बन्धमा कानुन र विधि प्रकृयाको अध्ययन गरी विज्ञापन गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं.५. इजाजत पत्र सम्बन्धमा ।***

- स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद को दफा ११ बमोजिम इजाजत पत्र दर्ता तथा नविकरण स्थानीय तहमा अधिकार दिए अनुसार यस पचालझना अर्न्तगत आर.एन.कर्न्टसन र राधिका निर्माण सेवा का फाइल पेश भएका हुदाँ इजाजत पत्र समितिले आवश्यक कागजात जाँच गरी नियमअनुसार ठहर भएमा इजाजत प्रदान गर्ने निर्णय गरीयो ।

***प्रस्ताव नं.६. सा.सु. को लागत अध्यावधिक सम्बन्धमा ।***

- यस पचालझरना गाउँपालिका को वडा नं.१ देखि वडा नं. ९ सम्म को आ.व.२०७५/०७६ को मुत्यृ, बसाइसाराइ, उमेर पुगेका बालबालिकाको लागत घटाउने र नयाँ थप तुरुन्त पेश गर्न र सो लागत अनलाईन वेभसाइडमा इन्टी गर्नको लागि प्रति व्याक्ति रु २० का दरले रकम परिश्रमिक दिइ यथासिघ्र इन्टी गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं.७. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ,***

- यस पचालझरना गाउँपालिकामा गठित लेख समितिले यस गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को लेखा श्रस्ता अनुगम गरी निम्न बमोजिम प्रतिवेदन राय सुझाब पेश गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं.८. इलाका प्रहरी चौकी राम्नकोटको फर्निचर सम्बन्धमा ।***

- यस पचालझरना गाउँपालिका जारकोटमा भर्खरै स्थापना भएको प्रहरी चौकीको लागि मान्म देखि सम्बन्धित ठाउँमा पुग्नको लागि गाडीभाडा तथा विविध खर्चको लागि रु २०,०००।- पेश्की दिएको र आवश्यक फरर्निचर को लागि रु ५०,०००।- विविध शिर्षकबाट जम्मा रु ७०,०००।- दिने निर्णय गरियो ।

***प्रस्ताव नं.९. (Auto CAD) तालिम बारे ।***

- यस पचालझरना गाउँपालिकामा कार्यरत प्रविधिक कर्मचारी हरुको क्षमता अविबृद्धि गर्न (Auto CAD) तालिम गाउँपालिकाको आयोजनामा २०७५ साउन २५ गते देखि भाद्र ८ गतेसम्म हुने भएको हुदा क्षमता विकास शिर्षक बाट रु २००,०००।- दिने निर्णय गरियो ।

***प्रस्ताव नं.10. आर्थिक सहायता सम्बन्धमा ।***

यस पचालझरना गाउँपालिका अन्तर्गत का विभिन्न निवेदन माथी छलफल गर्दा निम्न व्याक्तिहरुलाई निम्न शिर्षक अनुसार रकम दिने निर्णय गरियो ।